उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या:-०८१/०८२
चलानी नं:- २६०५
फोन नं ०४६-६९१९२७

मिति:२०८२।०२।२५ गते
ने.सं.११४५ तछलाथ्व, १२ आईतबार

**मेलमिलापकर्ता सुचिकृत तथा अद्यावधिक गर्ने सम्बन्धि सुचना !**

प्रस्तुत विषयमा यस उमाकुण्ड गाउँपालिका न्यायिक समिति कार्यविधि सम्बन्धि ऐन २०७६ को दफा ६० र ६१ अनुसार गाउँपालिका अर्न्तगत रहेको तपशिल उल्लेखित योग्यता पुगेका ईच्छुक व्यक्तिहरुले सुचिकृत तथा अद्यावधिकका लागि यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र न्यायिक समितिको कार्यालयमा आई सुचिकृत हुन साथै अघिल्लो आ.व.मा सुचिकृत भईसकेका मेलमिलापकर्ताहरुले नविकरण गर्नुहुन समेत यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

**आवश्यक न्युनतम योग्यता:**

१. राम्रोसँग लेखपढ गर्न सक्ने ।
२. कुनै राजनितीक दलमा आस्था राखी राजनितीमा सकिय नरहेको ।
३. स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको ।
४. मेलमिलाप सम्बन्धि ४८ घण्टे तालिम लिएको ।
५. माथि जुनसुकै कुरा उल्लेख भएतापनि सम्बन्धित तालिम लिई अघिल्लो आ.ब.मा सुचिकृत भई काम गरिरहेकाहरुलाई सकियताको आधारमा निरन्तरता दिईने ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:**

१. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि- १ प्रति
२. मेलमिलाप सम्बन्धि ४८ घण्टे तालिम लिएको प्रमाण-पत्रको प्रतिलिपि- १ प्रति ।
३. पासपोर्ट साईजको फोटो- २ प्रति ।
४. सुचिकृत हुन पाउँ भनि तयार गरिएको निवेदन ।
५. नविकरण गर्ने हकमा सम्बन्धित मेलमिलापकर्ताको निवेदन, मेलमिलापकर्ता परिचय पत्र र २ प्रति पासपोर्ट साईजको फोटो ।

........................
अभिजित सुनुवार
प्रमुख प्रशासकीय अधिकृत